# मिथिला नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

ढल्केवर, धनुषा

प्रदेश नं. २, नेपाल

(प्रशासन, योजना तथा अनुगमन शाखा)

## करारमा नगर प्रहरी भर्ना लिने सम्बन्धी सूचना !

**(प्रथम पटक प्रकाशित मितिः २०७८/०९/०७ गते)**

यस मिथिला नगरपालिका नगर कार्यपालिकाको कार्यालय, ढल्केवरमा देहाय अनुसारको नगर प्रहरीहरु करार सेवामा राख्नु पर्ने भएकोले योग्यता पुगेको नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निंवेदन दिनुहुन अनुरोध छ । यसको फाराम, कार्य विवरण, पारिश्रमिक, सेवा सर्तसहितको विवरण कार्यालय समयमा यस कार्यालयबाट उपलब्ध हुनेछ ।

| क्र.स. | विज्ञापन नं. | पद | संख्या | दस्तुर |
|---|---|---|---|---|
| १ | ०१/०७८-०७९ | नगर प्रहरी सहायक निरिक्षक | १ (खुला) | ५००।- |
| २ | ०२/०७८-०७९ | नगर प्रहरी हवल्दार | १ (खुला) | ४००।- |
| ३ | ०३/०७८-०७९ | नगर प्रहरी जवान | ४ (खुला) | ४००।- |
| ४ | ०४/०७८-०७९ | नगर प्रहरी जवान | ३ (महिला) | ४००।- |

**सेवाको किसिमः** करार

**तलब, सुबिधा तथा अन्य सेवाका शर्तहरूः**

नगर प्रहरी व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७८ वा मिथिला नगरपालिका नगरकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**दरखास्त फाराम पाईने तथा बुझाउने स्थानः**

मिथिला नगरपालिका नगर कार्यपालिकाको कार्यालय, राजश्व उपशाखा, ढल्केवर, धनुषा ।

**दरखास्त बुझाउने अन्तिम म्यादः**

सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र (मिति २०७८/०९/२१ सम्म)। दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट ।

**आवश्यक न्यूनतम योग्यताः**

१. सहायक निरिक्षकको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र वा सो सरह उतिर्ण गरेको, प्रहरी हवलदारको हकमा SLC/SEE उत्तिर्ण गरेको र प्रहरी जवानको हकमा ८ कक्षा उत्तिर्ण गरेको ।

२. सहायक निरिक्षक/हवल्दारको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र जवानको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

३. नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

४. कुनै राजनीतिक दलको सदस्य नरहेको ।

५. प्रचलित कानून बमोजिम शारीरिक रुपमा तन्दुरुस्त रहेको ।

६. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र ।

७. उचाई, छाती र तौलः

क) पुरुषः उचाई घटीमा ५ फिट २ ईन्च, छाती ३१-३३ ईन्च, तौल ५० के.जी.,आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

ख) महिलाः उचाई घटीमा ५ फिट, तौल ४२ के.जी., आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर



प्रमुख प्रशासकीय अधिकृत

# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा

प्रदेश नं. २, नेपाल

(प्रशासन, योजना तथा अनुगमन शाखा)

---

नभएको ।

<u>दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः</u>

१. नागरिकता प्रमाण पत्रको प्रतिलिपि-१ प्रति

२. न्यूनतम शैक्षिक योग्यता सम्मको प्रमाण पत्रको प्रतिलिपि १/१ प्रति

३. मुखाकृत प्रष्ट देखिने गरी पासपोर्ट साइजको फोटो-३ प्रति

४. निरोगिता प्रमाण पत्रको प्रतिलिपि-१ प्रति

<u>परिक्षा हुने मिति, समय र केन्द्रः</u>

उपरोक्त पदहरुको परिक्षा पदपूर्ती समितिबाट संचालन हुनेछ । परिक्षाको मिति, समय र केन्द्र पछि प्रकाशित गरिनेछ ।

<u>परिक्षाको किसिमः</u>

**क) नगर प्रहरी सहायक निरिक्षक पदको लागिः**

- प्रथम चरण प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा र शारीरिक तन्दुरुस्ती परीक्षा (बाधापार)
- दोस्रो चरण विस्तृत स्वास्थ्य परीक्षण परीक्षा
- तेस्रो चरण आई.क्यू.
- चौथो चरण लिखित परीक्षा
- पाचौं चरण विशेष स्वास्थ्य परीक्षण परीक्षा
- छैटौं चरण अन्तर्वार्ता परीक्षा

**ख) नगर प्रहरी हवल्दार पदको लागिः**

- प्रथम चरण प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा र शारीरिक तन्दुरुस्ती परीक्षा (बाधापार)
- दोस्रो चरण विस्तृत स्वास्थ्य परीक्षण परीक्षा
- तेस्रो चरण लिखित परीक्षा
- चौथो चरण विशेष स्वास्थ्य परीक्षण परीक्षा
- पाचौं चरण अन्तर्वार्ता परीक्षा

**ग) नगर प्रहरी जवान पदको लागिः**

- प्रथम चरण प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा र शारीरिक तन्दुरुस्ती परीक्षा (बाधापार)
- दोस्रो चरण विस्तृत स्वास्थ्य परीक्षण परीक्षा
- तेस्रो चरण लिखित परीक्षा
- चौथो चरण अन्तर्वार्ता परीक्षा

**(नोटः उल्लेखित नगर प्रहरी सेवाको विभिन्न पदहरुमा पदगत रुपमा लिइने परीक्षाको बिषय, किसिम, अंकभार तथा अन्य व्यवस्था छनौट समितिले निर्धारण गरे बमोजिम हुनेछ ।)**

रचिन्द्र डंगोल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत